आज मिति २०७९ साल पौष १८ गते सोमबारका दिन प्रमुख जिल्ला अधिकारी श्री शोभाखर रेग्मीको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) को बैठक बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थित:

**जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) का पदाधिकारी:**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री शोभाखर रेग्मी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री विनिता भट्टराई | समन्वय अधिकारी | जिल्ला समन्वय समिति | |
| ३. | श्री दिपक टण्डन क्षेत्री | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री होम बहादुर पराजुली | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री मुरारी अधिकारी | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री ~~निरुज~~ निर्मल पौडेल | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | डा. इन्दुगिता सिमखडा | मे. अ. | जिल्ला अस्पताल | |
| ८. | श्री जीतेन्द्र साह | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | |

**विशेष सल्लाहाकार:**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री चिना खड्का कार्की | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री लव श्रेष्ठ | नगर प्रमुख | मन्थली नगरपालिका | |

निर्णयहरु:

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण रोकथाम सम्बन्धी कार्य भईरहेको छ । हाल यस जिल्लामा कोभिड-१९ को संक्रमण नदेखिएको अवस्थामा भएतापनि जोखिमको संभावना रहेकोले जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला कोभिड व्यस्थापन केन्द्र (DCMC) को मिति २०७९/०९/१८ गते बसेको बैठकमा गृह मन्त्रालयको च.नं. ९४९ मिति २०७९/०९/०९ गतेको पत्रका सम्बन्धमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहाय

१. सार्वजनिक सवारी साधनमा यात्रा गर्ने यात्रुहरुलाई मास्क तथा स्यानिटाईजको प्रयोग गर्न अनुरोध गर्ने ।

२. स्वास्थ्य कार्यालयले सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सजकता अपनाउन व्यापक प्रचारप्रसार गर्ने ।

३. स्वास्थ्य कार्यालय र स्थानीय तह वीचको समन्वयमा आइसोलेसन वेडहरुलाई दुरुस्त अवस्थामा राख्ने र त्यसको जानकारी DCMC दिने ।

४. सबै स्थानीय तहले आवश्यक स्वास्थ्य प्रोटोकल पालना गर्न गराउन तथा संदेशमुलक प्रचार सामग्रीहरु तयार गरी प्रचारप्रसार गर्ने

५. कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएका विरामीहरुको कोभिड परीक्षण गर्ने आवश्यक व्यवस्था स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल रामेछापले गर्ने ।

६. बुस्टर डोज खोप लगाउन अवधी पुगेका नागरिकहरुको विवरण संकलन गर्ने आवश्यक व्यवस्था सम्बन्धित कार्यालय र स्थानीय तहले गर्ने ।

७. कोभिड-१९ को रोकथाम र नियन्त्रणका सचेतनामुलक कार्यक्रमहरु व्यापक रुपमा प्रचारप्रसार गर्न जिल्लास्थित सबै सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप